# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

☎ ०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


### पारिवारिक खेती प्रवर्द्धन कार्यक्रमको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/१२**

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संघीय सशर्त अनुदानतर्फको पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनार्थ यस नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ८ देखि १२ सम्म अध्ययनरत आर्थिक रुपले विपन्न विद्यार्थीहरुको लागि **करेसाबारी सम्बन्धी ३ दिने तालिम र तालिम पश्चात सहभागी विद्यार्थीहरुमार्फत करेसाबारी प्रवर्द्धनको लागि अनुदान/सहयोग कार्यक्रम** यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा आयोजना गरिने भएकोले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले १० दिनभित्र (मिति २०८३/०२/२२ गतेसम्म) कार्यालय समयभित्र आइपुग्ने गरि निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत अवगत गराइन्छ। साथै प्राप्त हुन आएका निवेदन उपर नियमानुसार मूल्याङ्कन गरी छनौट भएका विद्यार्थीहरुलाई सहभागी गराई कार्यक्रम सञ्चालन गरिनेछ।

तपसिलः

१. निवेदन
२. सम्वन्धित विद्यार्थीको परिचय खुल्ने प्रमाण पत्र
३. सम्वन्धित विद्यालयको सिफारिस पत्र
४. तालिम पश्चात सम्वन्धित विद्यार्थीले नगरपालिकाको सहयोगमा आफ्नो घरमा करेसाबारी प्रवर्द्धन गर्ने प्रतिवद्धता पत्र

२०८३/०२/१२

अमृत कुमार धिताल
(प्रमुख प्रशासकीय अधिकृत)

*नोटः थप जानकारीको लागि यस नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।*

*बोधार्थः सूचना तथा प्रविधि शाखा*

## प्रतिवद्धता पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मण्डनदेउपुर नगरपालिका

म देहायको विवरण भएको विद्यार्थी, मण्डनदेउपुर नगरपालिका कृषि विकास शाखाबाट चालु आ.व. २०८२/८३मा सञ्चालन हुने "**पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत करेसाबारी सम्बन्धी ३ दिने तालिम र तालिम पश्चात सहभागी विद्यार्थीहरुमार्फत करेसाबारी प्रवर्द्धनको लागि अनुदान/सहयोग कार्यक्रम**" मा सहभागी हुन इच्छुक रहेकोले तपसिल बमोजिम प्रतिवद्धता व्यक्त गर्दछु।

<u>तपसिलः</u>

**१. विद्यार्थीको विवरण**

नाम थरः ..............................................................

कक्षाः ........................

विद्यालयको नामः ..............................................................

ठेगानाः वडा नं. ............ टोल ........................................

सम्पर्क नं.: ..............................................................

२. **प्रतिवद्धताः** म निम्न कुराहरूमा पूर्ण सहमति जनाउँदै प्रतिवद्धता व्यक्त गर्दछुः

- तालिमको सम्पूर्ण ३ दिन नियमित उपस्थित भई सक्रिय सहभागिता जनाउनेछु।
- तालिममा सिकेका ज्ञान तथा सीपलाई व्यवहारमा लागू गर्नेछु।
- तालिम पश्चात आफ्नै घर/परिवारको जग्गा वा उपलब्ध स्थानमा करेसाबारी स्थापना गर्नेछु।
- प्राप्त अनुदान/सहयोगको सदुपयोग गरी उत्पादनमुखी कार्यमा प्रयोग गर्नेछु।
- करेसाबारी सञ्चालनको प्रगति सम्बन्धित शाखालाई आवश्यक पर्दा जानकारी गराउनेछु।
- अनुगमनका क्रममा आवश्यक सहयोग गर्नेछु।
- कार्यक्रमको उद्देश्य विपरीत प्राप्त अनुदान/सहयोगको दुरुपयोग गर्ने छैन।

माथि उल्लिखित विवरणहरू सत्य हुन्। कुनै विवरण झुट्टा प्रमाणित भइ कार्यक्रमबाट अयोग्य ठहर भएमा मेरो कुनै गुनासो रहने छैन।

औंठा छाप

आवेदक विद्यार्थीको हस्ताक्षरः